**महिलामुक्तिमा प्राज्ञिक संघर्ष**
युवराज गौतम

दोस्रो विश्वयुद्धपछि धेरै देशहरू उपनिवेष, साम्राज्य तथा परतन्त्रबाट मुक्त भए । यो मुक्तिप्रेमले लाखौं महिलालाई उद्वेलित तुल्यायो । स्वाधीनता र मुक्तिका लागि उनीहरूले अहर्निश संघर्ष गरे । नारीवादीहरू मात्र होइन, प्राज्ञिक क्षेत्रमा समर्पित धेरै महिलाहरू महिलामुक्तिका लागि जुटे । सन् १९४५ पछि नेपालमा साधना प्रधान र साहना प्रधानहरूले पत्रकारिताका माध्यमद्वारा चेतनाको राँको बाले । बनारसमा विद्यादेवी दीक्षितलगायतका महिलाहरू त्यो भन्दा पहिले नै नारीमुक्तिका लागि प्रयत्नशील थिए । गोमाका कवितामा नारी विद्रोहको लाभा थियो । उता दार्जिलिङमा 'भारती' लगायतका साहित्यिक पत्रिकामा लेखहरू छपाएर मायादेवी क्षेत्रीलगायतका महिलाहरू नारी आन्दोलनमा सक्रिय थिए ।

नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानकी सदस्य तथा प्रसिद्ध साहित्यकार तोया गुरुङ भन्नुहुन्छ– समाजको हरेक पीडा र सुखदुःख नारी-पुरुष दुबैले आ-आफ्ना पाराले भोगेका हुन्छन् । नारीहरूले हीनभावना त्यागेर संघर्ष गर्ने हो भने उनीहरूको प्रगतिलाई कसैले रोक्न सक्दैन । नारीहरूको समग्र उत्थानका लागि सामाजिक समन्वय ठूलो कुरा हो । आपसी समझदारी एवं चेतनाप्रतिको उत्कृट अभिलाषाले नारीहरूलाई अघि बढ्न मद्दत मिल्छ । अधिकार मागेर पाइँदैन, संघर्ष गरेर लिनुपर्छ ।

दक्षिण एसियामा महिलामुक्तिका लागि भएको प्राज्ञिक संघर्षमा भारत अग्रणी छ । सन् १९६५ मा शाखा अधिकृत भएर सरकारी सेवामा प्रवेश गरेकी चोकिला अच्यर सिक्किममा जन्मेकी हुन् र नेपाली मुलकी हुन् । भारतको प्रथम महिला विदेश सचिव हुने सौभाग्य पाएकी चोकिलालाई त्यहाँसम्म पुग्न प्राज्ञिक संघर्षले उप्रेरित गर्‍यो ।

रेनुका राय, रोमा चौधरी, कृष्णा वसु, चित्रा घोष, मानुषी दास गुप्ता, लीना नन्दी, कल्याणी कर्लेर, सिप्रा मुखर्जी, आलेयाममा जर्ज, गीता मुखर्जी, नवनिता देवसेन, सुशीला सिंघी, भारती देवी र जोनाकर्क प्याट्रिकलगायतका महिलाहरूले भारतमा महिलाका सूक्ष्मतम समस्याहरूको समेत विश्लेषण गरेर महिलामुक्तिका लागि संघर्ष गर्न प्राज्ञिक क्षेत्रलाई प्रेरित गरे । सन् १९७५ मा अन्तर्राष्ट्रिय नारीवर्ष मनाउन संयुक्त राष्ट्रसंघले विश्वव्यापी कार्यक्रम प्रकाशित गर्‍यो । भारतमा नारीमुक्तिका लागि चलिरहेको प्राज्ञिक संघर्षको फलस्वरूप पश्चिमबंगालको शिक्षा विभागमा पहिलोपल्ट निर्देशक पदमा महिलालाई नियुक्त गरियो । 'रोल एण्ड स्टाटस् अफ उमेन इन इण्डियान सोसाइटी' नामक पुसतकमा भारत 'युनिभर्सिटी उमेन्स एसोसियसन' ले विगत पचास वर्षयता प्राज्ञिक क्षेत्रको प्रतिनिधित्व गर्दै संघर्ष गरिरहेको कुरा उल्लेख छ ।

नेपामा नारीमुक्तिका लागि प्राज्ञिक क्षेत्रले कसरी संघर्ष गरिरहेको छ भन्ने जिज्ञासा राख्दा त्रिभुवन विश्वविद्यालयकी एक महिला प्राध्यापकले भन्नुभयो– "प्राज्ञिक क्षेत्रमा मात्र नारी-पुरुषबीच भेदभाव छैन तर नेपाली समाजमा जताततै असमानता छ । महिलाहरू शोषित, पीडित छन् । अशिक्षाले यो रोग घट्न सकेको छैन । तर जिब्रो नचपाई भन्नुपर्दा कतिपय शिक्षित महिलाहरू नै महिलामुक्तिप्रति उदासीन छन् । प्राध्यापक, डाक्टर वा उच्चपदस्थ महिलाले महिला हितका लागि जति गर्नुपर्ने हो त्यति काम गर्न सकेका छैनन् । उहाँले भन्नुभयो– चन्द्रकला किरण शिक्षासचिव छँदा उहाँले हजारौं महिलालाई शिक्षक भर्ना गर्न सक्नुहुन्थ्यो, त्यो गर्नुभएन । कतिपय महिला क्याम्पस प्रमुख भए तर 'ज्यालादारी' मा समेत महिलाहरूलाई प्राथमिकता दिइएन । महिलाका समस्याहरूप्रति संवेदनशील हुनुपर्ने महिलाहरू नै महिलामुक्तिका प्रयत्नहरूमा उदासीन छन् । बरु कतिपय प्राज्ञिक पुरुषहरू महिलामुक्तिप्रति जागरुक छन् ।

'रत्नश्री' पत्रिकाका सम्पादक शान्तदेव भट्टराई भन्नुहुन्छ– 'रत्नश्री' ले विगत तीस वर्षदेखि सयकडौं नारी साहित्यकारहरूलाई प्रोत्साहित गरेको छ । हरेक वर्ष भदौको पहिलो हप्तामा नारी विशेषाङ्क प्रकाशित गरेर कैयन नारी प्रतिभालाई पाठकसमक्ष पुर्‍याउँदै आएका छौं । नारी जागरणका लागि यो एउटा राम्रो अवसर र योगदान ठहरिन सक्छ ।

सन् १९३१ मा सम्पन्न अखिल भारतीय महिला सम्मेलनमा विश्वकवि रविन्द्रनाथले भनेका थिए – समाजमा कति समानता र न्याय छ भन्ने कुराबाटै सभ्यताको परिचय पाइन्छ । जब महिला-पुरुषबीच समानता हुन्छ, तबमात्र समाजले प्रगति गर्न सक्छ ।

सन् १९३० को दशकमै नेपालमा पनि महिलामुक्तिका लागि संघर्ष सुरु भयो । भोजपुरकी योगमायाले नारी समानताका लागि गीत र कविताहरू लेखेर विद्रोह गरेकी थिइन् । विधवाले पुनः विवाह गर्न पाउनुपर्ने र नारीमाथिको शोषण बन्द गरिनुपर्ने उनको मागको समर्थन गर्दै कैयन पुरुषहरू पनि आन्दोलनमा सहभागी भएका थिए । राणाशासकहरूले अनेकौं दुःख दिएपछि योगमायासहित ६८ जनाले अरुण नदीमा हाम्फालेर प्राणोत्सर्ग गरेका थिए । नारीमुक्तिका लागि यसरी सामूहिक विद्रोहको नेतृत्व गर्ने योगमाया संभवतः प्रथम नेपाली महिला थिइन् ।

नेपालको जनसंख्यामा करिब ५१ प्रतिशत महिला छन् । देशको यो आधा जनसंख्या शिक्षित, चनाखो र आत्मनिर्भर नभएसम्म राष्ट्रले प्रगति गर्न सक्दैन । नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानकी सदस्य तोया गुरुङले भन्नुभए झैं महिला उत्थानका लागि शिक्षित र चेतनशील महिलाहरू नै जागरुक नभएसम्म महिलाहरूको सर्वाङ्गिण विकास असंभव छ ।

बेइजिङमा सम्पन्न अन्तर्राष्ट्रिय महिला सम्मेलनले व्यक्त गरेका प्रतिबद्धताहरू नेपालमा अधुरै छन् । देशमा महिला हितका लागि खुलेका करिब ६ सयवटा गैरसरकारी संस्थाहरू एवं प्राज्ञिक क्षेत्रमा कार्यरत महिलाहरूले महिलामुक्तिका लागि कार्यगत एकता कायम गरेर अघि बढ्ने हो भने दक्षिण एसियाको मानचित्रमा नेपाली महिलाहरूको तस्बिर धेरै सुकिलो हुने थियो । एरिस्टोटलले भनेका छन्– हीनताबोधले मात्र महिलालाई कमजोर तुल्याएको हो ।

हरेक क्षेत्रमा पुरुषसरह संघर्षशील महिलाहरूले पिछडिएका महिलाहरूलाई सशक्त बनाउन उनीहरूको पीडा आत्मसात गर्नुपर्छ । र, प्राज्ञिक महिलाहरूले हामी ओभानोमा छौं, अरू हिलोमै भास्सिएर बसून् भन्ने भावना त्याग्नुपर्छ– शिक्षिका आस्था शर्मा भन्नुहुन्छ ।

**कठोर परिश्रमले परिवार पाल्ने महिलाहरू**
तिलक पाठक

बालाजुबाट करिब चार किलोमिटर उत्तरतर्फ अवस्थित जीतपुर फेदीबाट डोकामा साग, फर्सी, मूलालगायतका अन्य तरकारीहरू राखेर जानुका फुँयाल प्रायः हरेकजसो बिहान सबेरै घरबाट हिंड्छिन् । तरकारी बिक्री गरेर नै जीविकोपार्जन गर्दै आएकी जानुका तरकारी बेच्नकै लागि काठमाडौंको हरेक घरको दैलोदैलोमा पुगिन्छन् ।

बिहान पाँच बजे नै घरबाट निस्किने जानुका बालाजु वाइपास, बाइसधारा, गोंगबु नायाँबजार, सोह्रखुट्टे, पकनाजोल हुँदै क्षेत्रपाटी पुग्दा बिहानको दश बजिसक्छ । बिहानको समय बिताइसँगै उनको डोकाको तरकारी पनि सिद्धिदै जान्छ तर कहिलेकाहींचाहिँ त्यति धेरै ठाउँहरूमा बिहानभरि डुल्दा पनि आधामात्रै तरकारी बिक्ने गरेको कुरा उनी बताउँछिन् । यद्यपि तरकारी पूर्णतया बिक्री नभए पनि दश बज्नेबित्तिकै उनी घर फर्किने योजना बनाउन थाल्छिन् ।

त्यस्तै भगवती श्रेष्ठ पनि जानुकाले झैं तरकारी बिक्रीको लागि हरेक घरको दैलोदैलो पुग्छिन् । उनीचाहिँ बालाजु वाइपास, वनस्थली, डल्लु, ढल्कु हुँदै क्षेत्रपाटी पुग्छिन् र तरकारी बिक्रीबाट आएको पैसाले घरमा चाहिने आवश्यक चीजहरू किनी घर फर्किन्छन् । आयआर्जनको मुख्य स्रोत नै तरकारी खेती भएको बताउने भगवती यही तरकारी व्यवसायले नै पाँचजनाको परिवार पालिरहेकी छिन् ।

यसरी घर-घरमा पुगेर तरकारीलगायत अन्य सामाग्रीहरू बेचेर जीविकोपार्जन गर्ने जानुका र भगवतीजस्ता महिलाहरू धेरै रहेका छन् । घर-घरमा पुगेर तरकारी बेच्दा महिलाहरूले विभिन्न किसिमका समस्याहरू झेल्नुपरेको कुरा उनीहरू बताउँछन् । भारी बोकेर कराउँदै प्रत्येक घर चहार्नुपर्ने बाध्यता त उनीहरूमा छ नै साथै अपमान र तुच्छ शब्दका भनाइहरूसमेत सहनुपर्ने हुन्छ ।

तरकारी बेचेर नै पाँचजनाको परिवार पालेकोमा भगवतीलाई गर्व छ, यद्यपि तरकारी बेच्न हिंड्दा ठूला मानिसहरूले गर्ने अपमानपूर्ण व्यवहारले चाहिँ उनी दुःख छिन् । 'घरघरमा हिंड्दै तरकारी बेच्दा मानिसहरूले तल्लो दर्जाको व्यक्ति सोचेर अपमान गर्छन्, गरिब भनेर हेला गर्छन् । गरिब भएर नै उनीहरूले त्यस्तो व्यवहार गरेका होलान् तर, गरिबलाई चाहिँ अपमान र तुच्छ व्यवहार नै गर्नुपर्दछ भन्ने त छैन नि– उनी बताउँछिन् ।

तरकारी बेच्दै शहर डुल्ने क्रममा उनीहरूलाई ठूलाबडा भनाउँदाहरूले अनावश्यक दुःख दिने गरेको कुरा पनि उनीहरू बताउँछन् । 'घरको छत, बरण्डाबाट तरकारी किन्ने भनेर त बोलाउँछन् तर पछि अमिल्दो भाउ गर्दै महँगो भयो भनेर किन्दैनन्– जानुका बताउँछिन् । तरकारी खेती गर्दाको दुःख र परिश्रम शहरका मानिसहरूले बुझ्न नसकेको गुनासो उनको छ । रातदिन तरकारी बारीमा र तरकारी बेच्न डुल्दैमा बित्ने यी महिलाहरूले तरकारी खेती गर्दा आफूले गरेको परिश्रमको उचित मूल्य पाउन नसकेकाले नै उनीहरूको आर्थिकस्तरमा समेत सुधार आउन सकेको छैन । साथै उनीहरूको लवाई खवाईमा पनि कुनै परिवर्तन छैन ।

तरकारी अलिकति फस्टाउन नसक्नेबित्तिकै शहर झरेर मल खरिद गर्नुपर्दछ, कीरा तथा रोगले सताए पनि विषादी किनेर प्रयोग गर्नुपर्दछ । तरकारी गोलमेल, विषादी प्रयोग र तरकारी बेचबिखनमा नै जिन्दगी बितिरहेको छ– तरकारी खेतीमा आफूले गरेको परिश्रम भगगती यसरी सुनाउँछिन् । विषादी प्रयोग गर्न एक-दुई दिन ढिलो भए पनि सबै तरकारी खेती बिग्रन सक्छ तर त्यस समयमा कहिलेकाहीं विषादी खरिद गर्ने पैसा नभएको बेला उनीहरू ऋण काढेर भए पनि विषादी खरिद गर्न बाध्य हुन्छन्

उधारोमा विषादी नपाएपछि ऋण त काढ्नैपर्‍यो नि । फेरि विषादी प्रयोग नगरे सम्पूर्ण तरकारी खेती नै बिग्रेर जान्छ– जानुका भन्छिन् ।

विषादी प्रयोग गर्दाको ऋण खेपेर भए पनि यी महिलाहरू आफूले बेचबिखनको लागि ल्याएको तरकारीचाहिँ उधारोमा समेत बिक्री गर्छन् । उधारोमा तरकारी बेच्ने कार्य ती महिलाहरूको लागि बाध्यता बनेको छ । तरकारी किन्ने मानिसहरू सधैं आउने भएपछि उधारो दिन के हुन्छ ? भन्ने गर्छन् । जरुरी भए पनि आफ्नो सामान बिक्री त गर्नैपर्‍यो नि उनी भन्छिन् । 'पैसा भएर पनि तरकारी खरिदकर्ताहरू आज छैन, भोलि दिउँला भन्ने गर्छन्' जानुका भन्छिन् ।

उधारोमा तरकारी बेच्दै गएर एकैपटक पैसा लिने क्रममा पैसा तिर्ने बेला भाडामा बस्ने मानिसहरू कोठा नै सरेको अनुभव पनि जानुकासँग छ । एकपटक नुवाकोट घर बताउने एक परिवारसँग उनले एक सय रुपैयाँ लिनुपर्ने थियो तर अर्को दिन तरकारी किन्न बोलाउँदा उनीहरू आएनन् । पछि मात्र उनले उनीहरू पकनाजोलबाट कोठा सरिसकेको कुरा थाहा पाइन् । 'झट्ट रकम हेर्दा धेरै नभए पनि परिश्रमको हिसाबले चाहिं ठूलै हो । एक दिनको मात्र तलमाथि भए पनि जीविकोपार्जनमा अप्ठ्यारो पर्न जान्छ' उनी भन्छिन् । त्यसो त प्रत्येक दिन तरकारी बेच्दै सोही रकमले खाद्यान्नलगायत अन्य अत्यावश्यक चीजहरू खरिद गर्ने जानुकाका जस्तो परिवारलाई एक दिन मात्र तरकारी बिक्री नभए पनि ठूलो प्रभाव पर्दछ ।

त्यतिमात्र नभएर मौसमले साथ नदिई तरकारी खेती बिग्रिन जाँदा जानुका र भगवतीजस्ता तरकारी खेतीमा मात्रै आधारित हुने सयौं व्यक्तिका परिवारहरू प्रभावित हुने गरेको छ ।

**आमाहरूले गस्ती गर्न थालेपछि**

ओम आस्था राई

सुनसरी जिल्लाको पाँचकन्या– २ बस्ने गीता भट्टराई हरेक साँझ ७ बजे खाना खाइसक्छिन् । खाना खाइसकेपछि टर्चलाइट, लट्ठी र डोरी लिएर उनी घरबाट निस्किन्छिन् । परिवारका कुनै सदस्यले पनि उनलाई राती नहिंड भनेर रोक्दैन । किनकि सबैलाई थाहा छ- गीता गस्ती गर्न जान्छिन् ।

२०५७ साल माघ १६ गते पाँचकन्या २ का स्थानीय महिलाहरूले जागृति आमा समूह गठन गरेपछि गीता भट्टराईले पनि समूहद्वारा सञ्चालित गस्ती कार्यक्रममा सहभागी भई सामाजिक अपराध नियन्त्रण गर्ने कार्यमा संलग्न हुने अवसर पाएकी हुन् । गीता मात्र होइन, हाल पाँचकन्या– २ का करिब ४०/५० जना महिलाहरू जागृति आमा समूहद्वारा सञ्चालित गस्ती कार्यक्रममा संलग्न भई समाज सुधारको कार्यमा लागेका छन् ।

समूहद्वारा सञ्चालित गस्ती कार्यक्रममा संलग्न महिलाहरूको गस्ती टोलीले हरेक रात ८ बजेदेखि १० बजेसम्म गाउँमा गस्ती गर्छ । मादक पदार्थ सेवन गरी गाउँमा राती हो-हल्ला गर्ने, आतंक फैल्याउने र तास-जुवा खेल्नेहरूलाई गस्ती टोलीले पक्राउ गरी सामाजिक कारबाही गर्ने गरेको समूहका अध्यक्ष शिला राई बताउनुहुन्छ ।

अध्यक्ष राई भन्नुहुन्छ- समाज सुधार्नका लागि कुनै पनि राजनीतिक दल वा नेताहरूको आशा गर्नु व्यर्थ ठानेर हामीले आमा समूह गठन गरी गस्ती कार्यक्रम सञ्चालन गरेका छौं ।

जागृति आमा समूहले गाउँमा राती गस्ती गर्ने मात्र नभएर जाँडरक्सी खाई दिनभरि तासजुवा खेल्ने तथा खेलाउनेहरूलाईसमेत सामाजिक कारबाही गर्दै आएको छ । गाउँका पथभ्रष्ट मानिसहरूलाई जागृति आमा समूहले कारबाही गर्न थालेपछि करिब ९५ प्रतिशत सामाजिक विकृति र विसंगतिहरू समाप्त भएको समूहका अध्यक्ष शिला राई दाबी गर्नुहुन्छ ।

'घरमा अलपत्र भएको काम छाडेर लोग्नेमान्छेहरू तासजुवा खेल्न थालेपछि दिन गएको थाहा पाउँदैनन् । तास खेल्न थालेपछि समयसँगै पैसा पनि बर्बाद हुन्छ'– अध्यक्ष राईको भनाइ छ ।

महिलाहरूले आमा समूह गठन गरी गस्ती गर्दा शुरु-शुरुमा केही गाउँलेहरूले भन्दथे– 'गाउँमा पोथी बास्न थाल्यो' तर आफ्नो उद्देश्यमा दृढ आमा समूहका सदस्यहरू सामाजिक सुधारको दिशामा निरन्तर कटिबद्ध भएपछि अहिले सर्वत्र सकारात्मक प्रतिक्रिया व्यक्त गर्न थालिएको छ ।

पाँचकन्या– २ का वडाध्यक्ष विश्वराज कार्की भन्नुहुन्छ– आमा समूहले गस्ती गर्न थालेपछि चोरी भएको छैन, तास खेलाइएको छैन, एकदमै राम्रो भएको छ । गाउँको आर्थिक, भौतिक एवं सामाजिक संरचनाको परिवर्तनका लागि आमा समूहको उक्त कार्यक्रम अत्यन्तै प्रभावकारी भएको वडाध्यक्ष कार्की बताउनुहुन्छ ।

पाँचकन्या गाविसका अध्यक्ष रमेश बस्नेत जागृति आमा समूहको उक्त कार्यक्रम सामाजिक जागरणको निम्ति सहायकसिद्ध भएको धारणा व्यक्त गर्नुहुन्छ । गस्ती टोलीको सक्रियताले जुवातास बन्द भयो, अपराध नियन्त्रण भयो । आमा समूहको उक्त कार्य प्रहरी प्रशासन तथा सम्बन्धित निकायहरूको लागि गम्भीर चुनौती भएको बताउँदै गाविस अध्यक्ष कार्की भन्नुहुन्छ– प्रहरीले गर्न नसकेको काम गाउँका महिलाहरूले गरिदिए । यो सम्बन्धित निकायहरूको लागि चरम व्यंग्य हो ।

वडा नं. २ मा गठन भएको जागृति आमा समूहद्वारा प्रभावित भई हाल वडा नं. ३ मा समेत मुना कार्कीको अध्यक्षतामा पनि आमा समूह गठन भएको छ । सामाजिक संरचना परिवर्तनका लागि गाविसको प्रत्येक वडामा यस किसिमको आमा समूह गठन गर्न नितान्त आवश्यक भएको धारणा गाविस अध्यक्ष बस्नेतको छ ।

वडा नं. २ मा स्थानीय जागृति आमा समूहका सचिव गीता भट्टराईका अनुसार गस्ती कार्यक्रम सञ्चालनका लागि समूहका प्रत्येक सदस्यहरूले प्रत्येक हप्ता १० रुपैयाँ समूहको कोषमा जम्मा गर्छन् । राजनीतिक दल वा नेताहरूबाट समाज सुधार हुन नसक्ने ठहर गरी आमा समूह गठन गरेका महिलाहरू समूह सञ्चालनका लागि आफ्नै सीमित स्रोत र साधनको प्रयोग गर्नुपर्ने धारणा राख्दछन् ।

**आर्थिक सशक्तीकरणले ल्याएको परिवर्तन**
सिद्धराज राई

आजभन्दा ५ वर्षअगाडि संखुवासभा जिल्ला सिसुवा खोलाबाट धनकुटा जिल्लाको मूर्तिढुंगा गाउँ विकास समितिमा बसाइँ सरेर आएकी गञ्जीमाया राईलाई एक समयमा गरिबीले निकै पिरोलेको थियो । के गर्ने भन्ने चिन्ताले पिरोलिरहेको अवस्थामा घरेलु तथा साना उद्योग विकास समितिबाट सञ्चालन गरिएको अल्लो प्रशोधनसम्बन्धी तालिम लिने मौका उनीले पाइन् ।

तालिम लिएपछि उनले अल्लो प्रशोधन गरी कपडा उत्पादन गर्ने उद्योग खोलिन् । घरेलु उद्योग कार्यालयबाट लिएको ५ हजार ऋण सहयोगबाट शुरु गरिएको सो उद्योग हाल लाखौंको कारोबार गर्ने उद्योग बनेको छ ।

साधारण लेखपढ मात्र गर्न जानेकी गञ्जीमाया राई, सफल उद्यमीसँगसँगै एक सफल प्रशिक्षक पनि भएकी छिन् । उनी अहिले घरेलु उद्योग कार्यालयबाट सञ्चालन हुने अल्लोसम्बन्धी तालिममा प्रशिक्षकको काम गर्दै आएकी छिन् । यही अल्लोसम्बन्धी तालिम दिने क्रममा नै उनले तीन महिना जापानमा पनि प्रशिक्षकको काम गरिसकेकी छिन् ।

एक समयमा ढाकाको चौबन्दी चोली लगाउने रहर हुँदा पनि लगाउन नपाएपछि आफै ढाका कपडा उद्योग खोल्ने अठोट लिएकी मौनाबुधुक धनकुटाकी राजकुमारी लिम्बु अहिले ढाका कपडा उद्यमी भएकी छिन् । गाउँ विकास कार्यक्रम सञ्चालन भएपछि गठित समूहमा संगठित भएकी लिम्बुले ढाका कपडा बुन्ने तालिम लिएपछि उनी उद्यमी बन्न सफल भएकी हुन् ।

वार्षिक ४ लाखभन्दा बढी कपडाको कारोबार गर्ने राजकुमारी लिम्बुले आफ्नो उद्योगमा ३० जनालाई प्रत्यक्ष रोजगारी दिएकी छिन् ।

त्यस्तै घरेलु तथा साना उद्योग विकास समितिबाट सञ्चालन भएको सिलाइकटाइ तालिम लिएपछि धनकुटा नगरपालिका वडा नं. ७ कि कृष्णा लिम्बुले टेलरिङ पेशा अपनाएकी छिन् ।

श्रीमान् नेपाल आर्मीको जागिरे भएकाले आफू घरमा एक्लै त्यसै बस्नुभन्दा केही गर्नुपर्छ भन्ने सोचले शुरु गरेको टेलरिङ पेशामा कृष्णा लिम्बुले टेलरिङ कोर्स पढेर आउनेहरूसँग प्रतिस्पर्धा गरिरहेकी छिन् । उनी भन्छिन्– महिलाले पनि श्रम र हिम्मत गरेमा काम गर्न नसकिने होइन । तर यसका लागि समान अवसरको आवश्यकता पर्दछ ।

अहिले धनकुटा जिल्लाका महिलाहरूले घरेलु उद्योगको तालिम लिएपछि एक सफल उद्यमी बनेर नमूना देखाइरहेका छन् । तालिम पाएपछि गञ्जीमाया राई, राजकुमारी लिम्बु, कृष्णा लिम्बुदेखि लिएर, जुनु राई, विना दर्नाल, मीना राई, विमला थापाजस्ता थुप्रै महिलाहरू सफल महिला उद्यमी बनेर आफ्नो खुट्टामा उभिइसकेका छन् ।

जिल्ला विकास समिति धनकुटाका सदस्य तीर्थकुमारी राई सीप विकास तालिमले महिलाहरूको आर्थिक विकासमा ठूलो परिवर्तन ल्याउने कुरा बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ– महिलालाई सीप विकास तालिमसँगसँगै नेतृत्व विकास र सशक्तीकरण पनि गराउनुपर्दछ । जसले गर्दा महिलाहरू सामाजिक, आर्थिक, राजनीतिक रूपमा आत्मनिर्भर भई ग्रामीण क्षेत्रमा उनीहरूको सशक्त सहभागिता होस् ।

प्रत्येक वर्ष घरेलु तथा साना उद्योग विकास समितिले महिलाहरूका लागि मात्रै भनेर झोला बुनाइ, अचार बनाउने, चाउचाउ बनाउने, हाते होजियारी, सल्लेपीर, छालमोड, आलुचिप्स बनाउनेजस्ता तालिम दिँदै आइरहेको छ । घरेलु उद्योग कार्यालय धनकुटाको तथ्यांकअनुसार हालसम्म जिल्लाभरि ३ सय २४ जना महिलाहरूलाई तालिम दिइसकिएको छ । जसमा २०६ जना प्रत्यक्ष रोजगारीमा संलग्न छन् ।

यसका अलावा कार्यालयको तर्फबाट १ सय ४५ जना महिला उद्यमीहरूलाई ७ लाख ५० हजार बिनाधितो ऋण वितरण गरिएको तथ्यांक घरेलु उद्योग कार्यालय धनकुटाले दिएको छ । उद्यमी महिलाहरूलाई उद्योगको विकास र उत्पादित वस्तु बजार विस्तारको लागि बेलाबेलामा उद्यम विकास तालिम, अन्तर्क्रिया र उद्योग अवलोकनजस्ता कार्यक्रम पनि सञ्चालन गरेको कुरा सो कार्यालयका प्रमुख प्रशिक्षक सीता श्रेष्ठ बताउनुहुन्छ । आफू आत्मनिर्भर भएपछि गाउँमा बोली बिक्न थालेको र महिलाहरूको दृष्टिकोणमै परिवर्तन आएको अनुभव यी उद्यमी महिलाहरूको रहेको छ ।

**सामाजिक परिवर्तनका लागि अग्रसर हुँदैछन् महिलाहरू**
विष्णु घिमिरे

लमजुङ जिल्लाको पुरानोकोट गाउँ विकास समितिका अधिकांश गाउँका महिलाहरू यतिबेला एउटा समूह बनाई सामाजिक कार्यमा क्रियाशील हुन थालेका छन् । महिलाहरूको लगनशीलताका कारण गाउँ वरपर हरियो वन बनेको छ । वनको आम्दानीले गाउँको साझा महिला कोषमा रकम थपिँदै गएको छ ।

पुरानोकोट गाउँ विकास समिति- पाल्लेगरामा चौध घर रहेका छन् । ती सबै घर गुरुङ समुदायका हुन् । एक वर्षअघिसम्म ती चौधै घरमा दिसा गर्ने चर्पी थिएन तर आज सबैका घरामा पक्की चर्पी बनेको छ । सो गाउँकी युवती कमला गुरुङ भन्छिन्, "गोर्खा वेलफेयरले हाम्रो गाउँमा खानेपानीको धारा उपलब्ध गरायो । धारासँगसँगै घरघरमा चर्पीसमेत बनाउनु अनिवार्य लगायो । आज सबैको घरमा पक्की चर्पी बनेको छ ।"

लमजुङ जिल्लाका दक्षिण-पश्चिम क्षेत्रका दशवटा गाविसका शिक्षक, कर्मचारी एवं स्थानीय बासिन्दा सदरमुकाम बेशीशहर जाने-आउने गर्दा यही गाउँ भएर जानुपर्छ । दुराडाँडा गाविसका शिक्षक ईश्वरी अधिकारी भन्छन्, "पाल्लेगराको गाउँ काट्न हामीले नाकमा रुमाल बाँध्नुपर्थ्यो । सडकैभरि जतातत्तै दिसा मात्रै हुन्थ्यो । टेक्ने ठाउँ पाउन गाह्रो हुन्थ्यो । तर विगत एक वर्षदेखि त्यो समस्या एकाएक हट्यो । हामी पनि चकित पर्‍यौं । पछि थाहा भयो गोर्खा वेलफेयरले महिलाहरूलाई जनचेतना दिई चर्पी बनाउन अनिवार्य गरेको रहेछ ।"

अहिले पाल्लेगरा गाउँ सफासुग्घर छ । त्यहाँका महिलाहरूमा चेतना बढेको छ र आफ्नो गाउँ आफै सफा राख्नुपर्छ भन्ने धारणा जागृत भएको छ । कमला भन्छिन्, "गोर्खा वेलफेयरले घरघरमा भाँडा माझ्ने र माझेको भाँडा सफा ठाउँमा राख्न सफा जुठेल्नो अभियानसमेत संचान गर्‍यो । सबै महिलाहरूले यो काम आफ्नै लागिरहेछ भन्ने पनि बुझे । अब सबैका घरमा सफा जुठेल्नो बनेको छ ।"

गोर्खा वेलफेयरले सफा चर्पी र जुठेल्नो राख्ने काम भएको छ/छैन भनी मासिक एक हजार तलब दिएर कर्मचारीसमेत भर्ना गरेको बताउँदै सोही गाउँकी मीना गुरुङ भन्छिन्, "हाम्रो गाउँमा बल्ल चेतना जागृत भएको छ ।" रेखदेखका लागि नियुक्त भएकी कर्मचारी देवकुमारी गुरुङ भन्छिन्, "महिनाको दुईपटक गाउँ डुल्छु । यो एउटा गाउँ मात्रै होइन अर्को गाउँ पनि हेर्नुपर्छ । यसरी जाँदा कहीं चर्पी फोहोर भएको र जुठेल्नो भत्केको देखिएमा सम्झाउँछु । पछिपछि आएर त चेक गर्न मिस आउने दिन भयो भन्दै सफा गर्न थाले । म झुक्याएर चेक गर्न जान्थें । जे होस् गाउँमा चेतना बढेको छ ।"

पाल्लेगरा गाउँको जस्तै समस्या नभए पनि सोही गाविसको ३ नम्बर वडा किरिञ्चे गाउँमा अलिअलि समस्या थियो । स्थानीय शिक्षक जीवन घिमिरे भन्छन्, "यो गाउँमा ब्राम्हणको बसोबास भएको र पढेलेखेको व्यक्तिसमेत भएकोले बाटोमा दिसा गर्ने समस्या त थिएन । तर अस्थायी चर्पीहरू प्रयोग गर्थे । गोर्खा वेलफेयरद्वारा जगाइएको चेतनाले घरघरमा पक्की चर्पी र जुठेल्नो बने ।"

किरिञ्चेका महिलाहरूले आमा समूहसमेत गठन गरेका छन् । आमा समूहकै सक्रियतामा ६० रोपनी जग्गामा सार्वजनिक वृक्षारोपण गरिएको चार वर्ष बितिसकेको छ । समूहकी अध्यक्ष इन्दिरा घिमिरे भन्नुहुन्छ, "त्यो वनबाट दाउरा र काठसमेत बेच्ने स्थिति आइसक्यो । कोषमा रकम पनि धेरै नै जम्मा गरिसक्यौं । गणेशको पक्की मन्दिर पनि बनायौं । अब बाँकी सार्वजानिक जग्गाहरूमा वृक्षारोपण गर्ने विचार गरिरहेका छौं ।"

समूहका कोही महिला सदस्य अन्य ठाउँमा जाँदा कुनै नौलो प्रयोग देखेमा गाउँमा आएर समूहमा छलफल गर्ने र त्यसलाई गाउँमा आएर प्रयोग गर्ने काम पनि किरिञ्चेमा भइसकेको छ । समूहकी सदस्य नारायणी घिमिरे भन्नुहुन्छ, “अहिले खुर्सानी, अदुवा, बेसार, केराजस्ता फलफूल र नगदेबालीहरू उत्पादन गरेर बेच्नुपर्छ भनी महिलाहरू लागेका छन् । बेचेर आम्दानीसमेत गरेका छन् । पानीको धारा आएकोले समेत महिलाहरूलाई सजिलो भएको छ ।”

सँगैका छिमेकी गाउँहरूमा यति ठूलो र राम्रो सामाजिक परिवर्तन भएर पनि सोही गाविसको दुई नम्बर वडा चौडिला गाउँमा भने कुनै परिवर्तन आउन सकेन । यो परिवर्तन नआउनुको कारण चौडिलामा समन्वय नहुनु नै भएको ठहर स्वयं गाउँलेहरूले गरेका छन् । वीरबहादुर गुरुङ भन्छन्, “पहिलेदेखि नै हाम्रो गाउँमा दुई समूह छ । एक समूहले कुनै काम गर्न खोज्यो भने अर्कोले सहयोग नगर्ने मात्रै होइन बिगारेरै छाड्ने प्रचलन छ । विगत २० वर्षदेखिको यो झगडा अहिले पनि छ । झगडाकै कारण सामाजिक कार्यमा कसैलाई चासोसम्म छैन ।”

चौडिलाका बाटाहरूमा दिसाको फोहरले टेक्नसमेत गाह्रो हुन्छ । वडाध्यक्ष डम्बरजंग गुरुङ भन्छन्, “यो गाउँका सत्तरी प्रतिशत परिवार ब्रिटिस भारतीय सेनामा काम गरेका लाहुरेका परिवार छन् । सडकमा दिसा गर्न हुँदैन, घर सफा राख्नुपर्छ भन्ने थाहा पनि छ तर कसैले गर्दैन । फलानोको बच्चाले बाटोमा दिसा गर्छ हाम्रोले गरेर के भो त भन्ने सोचाइ आमाबाबुहरूमा छ । त्यही कारण त्यो स्थिति सिर्जना भएको हो ।”

गाउँमा विगत केही वर्षदेखिको यही झगडाका कारण आएको ठूलो खानेपानी योजनासमेत शुरु भएर पनि अलपत्र परेको छ । त्यही योजनाको कारण अहिले गोर्खा वेलफेयरले पानी योजना नदिएको गुनासो जुनबहादुर गुरुङ बताउँछन् । पछिल्लो पानी योजना नगएकै कारण चौडिलामा दिसा गर्ने चर्पी र भाँडा माझ्ने जुठेल्नोको अनिवार्यता भएन र फोहर बढेको उनी बताउँछन् ।

पुरानोकोट गाविसकी हेल्थ असिस्टेण्ट इन्दिरा अधिकारी भन्नुहुन्छ, “चौडिलाका महिलाहरूलाई एक समूहमा आबद्ध गरी सामाजिक कार्यमा लगाउन धेरै प्रयत्न गरियो तर लागेन । गाउँघर सफा राख्न चर्पी बनाएर दिसा गर्न भनियो तर उनीहरू मानेनन् । अहिले आएर भने पात्लेगरा र किरिञ्चेको स्थिति देखेपछि त्यो गाउँका महिलाहरू आफैं चर्पी बनाउनेतर्फ अग्रसर भएका छन् ।

चौडिलाका महिलाहरूलाई सम्झाउने कार्यमा पात्लेगरा र किरिञ्चेका महिलाहरू पनि लागेका छन् ।